नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, असार ३२ गते २०४८ साल (अतिरिक्ताङ्क २०

भाग ३

महालेखा परीक्षकको विभागको सूचना

महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी (बाह्रौं) संशोधन नियमावली, २०४८

महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

लेखा परीक्षण ऐन, २०१८ को दफा ३ को उप-दफा (२) र दफा १० को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले बनाएको देहायको नियमावलीमा श्री ५ महाराजाधिराजबाट स्वीकृत बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "महालेखा परीक्षकको विभागका पदाधिकारीसम्बन्धी (बाह्रौं संशोधन) नियमावली, २०४८" रहेको छ ।

(२) यस नियमावलीको नियम १६, २०४७ साल वैशाख १ गतेदेखि प्रारम्भ भएको मानिने छ, नियम ५, ६ र ७, २०४८ साल वैशाख १ गतेदेखि र अन्य नियमहरू २०४७ साल चैत्र ४ गतेदेखि प्रारम्भ भएको मानिने छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

229

२. महालेखा परीक्षकको विभागका पदाधिकारीसम्बन्धी नियमावली, २०१८ को नियम २.८ मा संशोधनः महालेखा परीक्षकको विभागका पदाधिकारी सम्बन्धी नियमावली, २०१८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २.८ को उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछः–

"तर, स्थायी पूर्तिका लागि माग भएका पदमा उपयुक्त उम्मेदवार नपाइएको भनी लोक सेवा आयोगबाट लेखी आएमा त्यस्तो पदमा स्थायी पूर्ति भै नआएसम्म अस्थायी नियुक्ति गर्न सकिनेछ ।"

३. मूल नियमावलीमा नियम २.९ थपः मूल नियमावलीको नियम २.८ पछि देहायको नियम २.९ थपिएको छः–

"२.९ कार्यविधि नपुऱ्याइ नियुक्ति गर्न नहुनेः (१) लोक सेवा आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम नियुक्त हुने पदमा नियुक्ति गर्दा नियुक्ति गर्ने अधिकारीले लोक सेवा आयोगबाट निर्धारित प्रकृया र शर्त पूरा गरिकन मात्र नियुक्ति गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम नियुक्ति हुने पदमा निर्धारित प्रकृया र शर्त पूरा नगरी नियुक्ति गरेको अवस्थामा सो नियुक्ति अनियमित भएको छ भनी लोक सेवा आयोगबाट लेखी आएमा त्यसरी नियुक्ति भएको पदाधिकारीलाई निजको परीक्षणकालको अवधिभित्र हटाउन सकिनेछ ।

(३) उप-नियम (१) बमोजिम नियुक्ति हुने पदमा नियुक्ति गर्दा निर्धारित प्रकृया र शर्त पूरा नगरी नियुक्ति गरेमा नियुक्ति गर्ने पदाधिकारीलाई विभागीय सजाय गरिनेछ ।"

४. मूल नियमावलीको नियम ३.२ मा संशोधनः मूल नियमावलीको नियम ३.२ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

"तर, राजपत्रांकित प्रथम श्रेणीको नायब महालेखा परीक्षक वा बरिष्ठ नायब महालेखा परीक्षक वा दुवै स्तरको पदमा गरी सात वर्षको सेवा अवधि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुगेको व्यक्ति विशिष्ट श्रेणीको पदमा बढुवाको लागि संभाव्य उम्मेदवार बन्न सक्नेछ ।"

५. मूल नियमावलीको नियम ५.१ मा संशोधनः मूल नियमावलीको नियम ५.१ को खण्ड (१) पछि देहायको खण्ड (१क) थपिएको छः–

"(१क) भैपरी आउने बिदा ।"

६. मूल नियमावलीको नियम ५.२ मा संशोधनः मूल नियमावलीको नियम ५.२ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) पदाधिकारीले प्रत्येक वर्ष ६ दिनमा नबढाइ पर्व बिदा पाउन सक्नेछ ।"

७. मूल नियमावलीमा नियम ५.२ क. थपः मूल नियमावलीको नियम ५.२ पछि देहायको नियम ५.२क. थपिएको छः–

"५.२क. भैपरी आउने बिदाः (१) पदाधिकारीले प्रत्येक वर्ष ६ दिन भैपरी आउने बिदा पाउन सक्नेछ ।

(२) भैपरी आउने बिदा लिई बसेको पदाधिकारीले पूरा तलब पाउनेछ ।

(३) भैपरी आउने बिदा आधा दिन पनि लिन पाउनेछ ।

स्पष्टिकरणः यस उप-नियमको प्रयोजनको लागि "आधा दिन" भन्नाले दैनिक कार्यालय समयको आधा समय सम्झनु पर्छ ।

(४) एक वर्षको भैपरी आउने बिदा संचित गरी अर्को वर्षमा लिन पाउने छैन ।

(५) बिदा दिने अधिकारीले मौखिक अनुरोधको आधारमा पनि भैपरी आउने बिदाको स्वीकृति दिन सक्नेछ ।

तर त्यसरी भैपरी आउने बिदाको स्वीकृति दिएकोमा निजले बिदा दिए लिएको कुराको अभिलेख राख्न लगाउनु पर्ने छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल नियमावलीको नियम ५.३ मा संशोधनः मूल नियमावलीको नियम ५.३ को उप-नियम (४) र (५) को सट्टा देहायको उप-नियम (४) र (५) राखिएका छन्:–

"(४) घर बिदा एकसय पचास दिनसम्म संचित गरी राख्न सकिनेछ ।

(५) जुनसुकै व्यहोराले पदाधिकारी नोकरीबाट अलग भएमा निजको संचित रहेको घर बिदामध्ये बढीमा एकसय बीस दिनको घर बिदा वापत पदाधिकारीले निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

तर, एकसय बीस दिनभन्दा बढी बिदा संचित हुने पदाधिकारीले सो बढी बिदामध्ये प्रत्येक वर्षको चैत्र मसान्तसम्म संचित रहेको घर बिदा मध्येबाट तीस दिनसम्मको घर बिदा वापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम सोही आर्थिक वर्षको अन्त्य सम्ममा एकमुष्ट लिन यस उपनयिमले बन्देज लगाएको मानिने छैन ।"

९. मूल नियमावलीको नियम ५.४ मा संशोधनः मूल नियमावलीको नियम ५.४ को,– (१) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) पदाधिकारीले पाउने बिरामी बिदा संचित गर्न सक्नेछ र जुनसुकै व्यहोराले पदाधिकारी नोकरीबाट अलग भएमा निजको संचित रहेको बिरामी बिदा वापत पदाधिकारीले निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।"

(२) उप-नियम (३क) झिकिएको छ ।

१०. मूल नियमावलीको नियम ५.७ मा संशोधनः मूल नियमावलीको नियम ५.७ को उप-नियम (३क) को सट्टा देहायको उप-नियम (३क) राखिएको छः–

"(३क) तीन वर्ष सरकारी सेवा अवधि नपुगी कुनै पनि पदाधिकारीले अध्ययन बिदा पाउन सक्ने छैन ।

स्पष्टिकरणः यस नियमावली बमोजिम अस्थायी सेवा अवधि स्थायी नोकरीमा गणना भएको रहेछ भने यस उप-नियमको प्रयोजनको लागि सो अवधि समेत गणना गर्न सकिनेछ। "

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

११. मूल नियमावलीको नियम ५.८ मा संशोधनः मूल नियमावलीको नियम ५.८ को,–

(१) उप-नियम (३) मा रहेको "दश वर्ष सरकारी सेवा अवधि नपुगी कुनै पनि पदाधिकारीले असाधारण बिदा पाउन सक्ने छैन" भन्ने वाक्यांशको सट्टा "पाँच वर्ष सरकारी सेवा अवधि नपुगी कुनै पनि पदाधिकारीले असाधारण बिदा पाउन सक्ने छैन" भन्ने वाक्यांश राखिएको छ ।

(२) उप-नियम (३) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) पछि देहायको खण्ड (१क) थपिएको छः–

"(१क) निजी प्रयासमा नेपाल अधिराज्य बाहिर अध्ययन गर्न जाने पदाधिकारीले परीक्षणकाल समाप्त गरेपछि उप-नियम (१) को अधिनमा रही असाधारण बिदा पाउन सक्नेछ ।"

१२. मूल नियमावलीको नियम ५.९ मा संशोधनः मूल नियमावलीको नियम ५.९ को उप-नियम २ पछि देहायको उप-नियम (३) थपिएको छः–

"(३) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गयल हुने पदाधिकारीको गयल भएको अवधि पन्ध्र दिनभन्दा बढी रहेछ भने त्यस्तो अवधिलाई निजले पाउने असाधारण बिदाबाट कट्टा हुने गरी असाधारण बिदा जनाइनेछ ।"

१३. मूल नियमावलीको नियम ५.१२ मा संशोधनः मूल नियमावलीको नियम ५.१२ को उप-नियम (२) मा रहेका "पर्व बिदा" भन्ने शब्दहरू पछि "र भैपरी आउने बिदा" भन्ने शब्दहरू राखिएका छन् ।

१४. मूल नियमावलीको नियम ६.३ मा संशोधनः मूल नियमावलीको नियम ६.३ मा रहेका "पूरा १ वर्ष पछिको श्रावण १ गतेदेखि" भन्ने शब्दहरूको सट्टा "एक वर्षको नोकरी पूरा गरेपछि" भन्ने शब्दहरू राखिएका छन् ।

१५. मूल नियमावलीको नियम ७.४ मा संशोधनः मूल नियमावलीको नियम ७.४ को उप-नियम (५) झिकिएको छ ।

१६. मूल नियमावलीको नियम ७.४क. मा संशोधनः मूल नियमावलीको नियम ७.४क. को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) बहालवाला पदाधिकारीको तलब वृद्धि हुँदा तलब स्केलको शुरू अंकमा जती प्रतिशतले वृद्धि भएकोछ सोही प्रतिशतको दुई-तिहाईका दरले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित श्रेणी वा श्रेणी भित्रको तहका निवृत्त पदाधिकारीहरूको निवृत्तभरण रकम वृद्धि हुनेछ र निवृत्तभरणको न्यूनतम रकम बहालवाला पदाधिकारीको तलब स्केलको शुरू अंकको आधाभन्दा कम हुने छैन ।"

१७. मूल नियमावलीको नियम ७.५ मा संशोधनः मूल नियमावलीको नियम ७.५ को उप-नियम (१क) को सट्टा देहायको उप-नियम (१क) राखिएको छः–

"(१क) पदाधिकारीको विधूर पति वा विधवा पत्नीले पति वा पत्नी नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उप-नियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतीत भइसकेपछि मृत्यु भएकोमा निज पदाधिकारीको मृत्यु भएको मितिदेखि जीवनभर निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।

तर यस नियम बमोजिम निवृत्तभरण पाइरहेको पदाधिकारीले दोहोरो निवृत्तभरण पाउने छैन ।

१८. मूल नियमावलीको नियम ७क.२ मा संशोधनः मूल नियमावलीको नियम ७क.२ को,–

(१) उप-नियम (१) मा रहेका "र राजपत्रांकित द्वितीय श्रेणीको निर्देशक वा सो सरहको पदमा" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "र राजपत्रांकित द्वितीय श्रेणीको निर्देशक वा सो सरहको पदमा" भन्ने शब्दहरू झिकिएका छन् ।

१९. मूल नियमावलीको नियम ९.५ मा संशोधनः मूल नियमावलीको नियम ९.५ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

(१) कुनै पदाधिकारीले–

(क) महालेखा परीक्षकको पूर्व स्वीकृति नलिई कुनै व्यापार व्यवसाय गर्न वा कुनै फर्मको हिस्सेदार हुनु हुँदैन ।

(ख) महालेखा परीक्षकको पूर्व स्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. मूल नियमावलीमा नियम ९.९क., ९.९ख र ९.९ग. थपः मूल नियमावलीको नियम ९.९ पछि देहायका नियम ९.९क., ९.९ख. र ९.९ग थपिएका छन्:—

"९.९क. प्रदर्शन र हडताल गर्नमा प्रतिबन्धः पदाधिकारीले देशको सार्वभौमसत्ता, अखण्डता, शान्तिसुरक्षा, वैदेशिक सम्बन्ध, सार्वजनिक मर्यादा, अदालतको निर्णयको अपहेलना र कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न, हडतालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उक्साउन समेत हुँदैन ।

९.९ख. हडताल थुनछेक तथा घेराउ गर्नमा प्रतिबन्धः पदाधिकारीले कुनै पनि कार्यालय वा अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हडताल, कलमबन्द, थुनछेक वा घेराउ गर्न वा शारीरिक तथा मानसिक उत्पीडनबाट दवाब दिन वा सो गर्ने उद्देश्यले अरूलाई उक्साउन समेत हुँदैन ।

९.९ग. प्रतिनिधित्व गर्नमा प्रतिबन्धः पदाधिकारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेशद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरू व्यक्ति वा समुहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन ।

तर, श्री ५ को सरकारबाट मान्यता प्राप्त निजामती कर्मचारीहरूको संगठनको तर्फबाट गरिने प्रतिनिधित्व र पदाधिकारीको पदीय दायित्वको आधारमा गर्नु पर्ने कुनै कार्य गर्नमा यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।"

२१. मूल नियमावलीको नियम ९.१० मा संशोधनः मूल नियमावलीको नियम ९.१० को सट्टा देहायको नियम ९.१० राखिएको छः—

"९.१० निर्वाचनमा भाग लिन नहुनेः पदाधिकारीले कुनै पनि राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निम्ति मत माग्न वा कुनै प्रकारको आफ्नो प्रभाव पार्न हुँदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

२२. मूल नियमावलीको नियम ९.११ मा संशोधनः मूल नियमावलीको नियम ९.११ को सट्टा देहायको नियम ९.११ राखिएको छः–

"९.११ निजामती कर्मचारीहरूको संगठनको सदस्यताः (१) कुनै पनि पदाधिकारीले प्रचलित कानून बमोजिम दर्ता नभएको र श्री ५ को सरकारद्वारा मान्यता नपाएको निजामती कर्मचारीहरूको कुनै संगठनको सदस्य बन्नु हुँदैन ।

(२) कुनै पनि राजपत्रांकित पदाधिकारी कर्मचारीहरूको कुनै संगठनको सदस्य बन्नु हुँदैन ।

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी आफ्ना पेशागत संस्था (जस्तै मेडिकल एशोसिएशन, इन्जिनियरिङ एशोसिएशन आदि) को सदस्य बन्न यस नियममा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।"

२३. खारेजीः मूल नियमावलीको नियम ५.४ को उप-नियम ९ र नियम ६.७ खारेज गरिएका छन् ।

आज्ञाले,
मधुसूदन ढकाल
महालेखा परीक्षक

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार